स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३५७५-०७९।८० प्रेश काउन्सिल सु.द.नं. ८४५-०७४।७५

वर्ष -१३ , अंक-७ २०८२ भदौ १६ , सोमवार sep - 1 , 2025 मुल्य रु.- १० । janatapatra.com

## तातोपानी नाका अझै बन्द, व्यापारीहरूलाई भरियामार्फत सामान ल्याउन बाध्यता

जनतापत्र, तातोपानी

कोदारी खण्डमा लगातारको पहिरोका कारण तातोपानी नाका अझै सञ्चालनमा आउन सकेको छैन।

सोमबारको पहिरोले अवरुद्ध नाका बिहीबार पुनः पहिरो खस्न थालेपछि अझै अनिश्चितकालका लागि बन्द रहेको छ। व्यवसायीहरू अहिले भरियामार्फत मालसामान ल्याउन बाध्य छन्, जसले गर्दा प्रतिकन्टेनर करिब ५० हजार रुपैयाँसम्म अतिरिक्त खर्च हुनु परेको छ।

सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतका अनुसार पहिरोका कारण चीनतर्फ रहेका करोडौं मूल्यका सामग्री बोकेका कन्टेनर सीमा क्षेत्रमा अलपत्र परेका छन्।

"वर्षा रोकिएन, जबर्जस्ती सडक खोल्न खोज्दा थप जोखिम हुन सक्छ," उनले भने, "यदि यही अवस्था रहिरह्यो भने व्यापारीले चाडपर्व लक्षित सामग्री समयमा बजारमा पुर्‍याउन सक्दैनन्।"



फलफूल लगायतका छिटो बिग्रिने वस्तुहरू कन्टेनरमै कुहिने जोखिम बढेपछि व्यापारीहरू भरियामार्फत सामान ओसार्न थालेका छन्। आजसम्म करिब ५०-६० कन्टेनर यसरी भन्सार यार्डसम्म ल्याइसकिएको छ।

चरिकोट सडक डिभिजनका सूचना अधिकारी सुरज महर्जनका अनुसार लगातारको वर्षाले सडक मर्मत तथा पुनर्निर्माण कार्यमा कठिनाइ भइरहेको छ। उता नेपाल हिमालय सीमापार वाणिज्य संघका उपाध्यक्ष सुजित बस्नेतले पनि वर्षा नरोकिएकाले सडक पुनःनिर्माण अघि बढ्न नसकेको बताए।

"झन्डै तीन सातापछि खुलेको नाका चार दिन मात्रै सञ्चालनमा आयो," उनले भने, "त्यसबीचमा करिब ५०-६० कन्टेनर नेपाल भित्रिएका थिए, तर फेरि बन्द हुँदा अहिले व्यापारीहरू चिन्तित छन्।"

हाल चीनको ल्हासा, सिगात्से र

पेज नं ४ मा

## करेन्ट सर्टले फार्ममा आगलागी



जनतापत्र, चौतारा

सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-१ गुन्सास्थित एक पशुपन्छी फार्ममा बुधबार बिहान करेन्ट सर्ट भएर भीषण आगलागी हुँदा ५० वटा बाख्रा जलेर मृत्यु भएको छ। आगो निभाउने क्रममा एक स्थानीय ४४ वर्षीय पुरुष घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकका अनुसार, बिहान करिब ८:३० बजे विमला श्रेष्ठको नाममा दर्ता गरिएको विदान विधि कृषि पशुपन्छी फार्ममा विद्युत सर्ट भई आगो लागेको हो। उक्त फार्ममा जम्मा ८५ वटा बाख्रा थिए। तीमध्येः ५० वटा बाख्रा जलेर मरेका छन्, २९ वटा बाख्रा उद्धार गरिएको छ, र ६ वटा बाख्रा घाइते छन्।

आगो निभाउने प्रयासमा संलग्न भएका स्थानीयवासी चुडामणी श्रेष्ठ टाउको र हातमा चोट लागी घाइते भएका छन्। हाल उनी चौतारा अस्पतालमा उपचाररत छन्।

आगो नियन्त्रणमा लिन स्थानीय बासिन्दा र प्रहरी परिचालित भएका थिए। करिब ९ बजेपछि मात्र आगो पूर्ण रूपमा नियन्त्रणमा ल्याइएको प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए। प्रहरी र स्थानीय प्रशासनले घटनास्थलको अनुगमन गर्दै थप अनुसन्धान अघि बढाएको जनाएको छ।

## मध्य भोटेकोशीको ट्रान्समिसन लाइन परीक्षण सुरु, १४ वर्षपछि विद्युत् उत्पादन नजिक



जनतापत्र, भोटेकोशी

सिन्धुपाल्चोकमा निर्माणाधीन १०२ मेगावाट क्षमताको मध्य भोटेकोशी जलविद्युत् आयोजना अन्तर्गतको ट्रान्समिसन लाइनको परीक्षण सुरु गरिएको छ।

आयोजनाले अब एक साताभित्र उत्पादन परीक्षण गर्ने तयारी गरिरहेको छ, जससँगै १४ वर्षपछि विद्युत् उत्पादन सुरु हुने लगभग सुनिश्चित भएको छ।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत् कम्पनीको प्रवर्द्धनमा निर्माण भएको यो आयोजना २०६८ सालमा सुरु भएको हो। तर, विभिन्न अवरोध र समस्याका कारण निर्माण अवधि लामो समयसम्म लम्बिएको थियो।

भोटेकोशी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत रामगोपाल सिवाकोटीका

पेज नं ४

प्रकाशक
टिका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेक्स
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेलः weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

सम्पादकिय

## सामाजिक न्याय र समान अवसर

सामाजिक न्याय भन्नाले समाजका सबै सदस्यलाई जात, वर्ग, लिङ्ग, धर्म, क्षेत्र, भाषा वा अन्य पहिचानका आधारमा हुने विभेद हटाई समान अधिकार, अवसर र सम्मानपूर्वक जीवन यापनको अवस्था सुनिश्चित गर्नु हो। यो केवल एउटा राजनीतिक नारा नभई समानताको व्यवहारिक अभ्यास हो, जुन समावेशी, लोकतान्त्रिक र समृद्ध समाज निर्माणको मूल आधार मानिन्छ। आजको समाजमा आर्थिक, सामाजिक र सांस्कृतिक असमानता गहिरिँदै गएको अवस्था छ। शिक्षामा पहुँच, स्वास्थ्य सेवाको समान वितरण, रोजगारीको अवसर, न्यायिक पहुँचजस्ता विषयमा अझै धेरै नेपाली नागरिक पछाडि पारिएका छन्। यी सबै समस्या समाधान गर्नका लागि सामाजिक न्यायको सैद्धान्तिक प्रतिबद्धता मात्र होइन, व्यवहारमा रूपान्तरण अनिवार्य छ।

नेपालको संविधानले पनि सामाजिक न्यायलाई मौलिक हकको रूपमा स्वीकार गरेको छ। दलित, महिला, जनजाति, अपांगता भएका व्यक्ति, पछाडि पारिएका वर्ग र समुदायहरूलाई न्यायको मूल प्रवाहमा ल्याउने व्यवस्था गरिए तापनि, यसको कार्यान्वयन अझै अपूरो छ।

समाजले सबैलाई सम्मान र अवसर दिनुपर्छ।

अन्यथा, समानताको खोक्रो भाषणले जनताको भरोसा गुम्न सक्छ। निष्कर्षस्वरूप, सामाजिक न्याय कुनै वर्ग विशेषको माग होइन, यो सम्पूर्ण समाजको आधारभूत आवश्यकता हो। त्यसैले, अबको युग समानताको सुनिश्चितता र न्यायको व्यवहारिक रूपान्तरणको युग हुनुपर्छ।

विचारपत्र

# लिपुलेक अतिक्रमण : भारतको विस्तारवादी चरित्र र चीनको दोहोरो प्रवृत्तिधनराज वास्तविक

धनराज वास्तविक

यतिबेला नेपालको लिपुलेक २ छिमेकी भारत र चीनले ब्यापारिक सम्झौता गरेपछि चर्चामा छ । लिम्पियाधुरा समेतको जमिन समेटेर नेपालले यसअघि नै नक्सा छापेको थियो । तर, उक्तभूमि भारतले भोगचलन गर्दै आएको छ । तथ्य र प्रमणाले नेपाली भूमि भए पनि भारतको रजगज चलिरहेकै थियो । पछिल्लो समय चीनले पनि चर्किरहेको घाउमा चुनचुक छर्किने काम गरेपछि नेपाल र नेपाली जनताहरू फेरि एकपटक आन्दोलित बनेका छन् । खासगरी संघीय राजधानी काठमाडौँमा विद्यार्थी संगठनहरूले भारत र चीनविरूद्ध नाराबाजी गरिरहेका छन् ।

ऐतिहासिक पक्ष

आज जुन विवाद सतहमा आएको छ, यसलाई बुझ्न सुगौली सन्धिलाई फर्केर हेर्नुपर्ने हुन्छ । सन् १८१६ मार्च ४ मा तत्कालीन इस्ट-इन्डिया कम्पनी र नेपालबीच भएको सुगौली सन्धिले आधिकारिक सीमा महाकाली नदी देखाउँछ । सुगौली सन्धि नै आधिकारिक र ऐतिहासिक दस्तावेज हो । सुगौली सन्धि, नेपालको नक्सा, नेपाल र इस्ट-इन्डिया कम्पनीबीच आदानप्रदान भएका दस्तावेज र अन्तर्राष्ट्रिय कानुनले लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपाली भूमि हो भन्ने कुरा प्रमाणित गर्छन् ।

उता भारत सुगौली सन्धि मान्छ, तर, तथ्य र प्रमाणलाई स्वीकार गर्दैन । त्यही कारण नेपाल र भारतीबीच सीमा विवाद थप जटिल बन्दै गएको छ । सुगौली सन्धिको धारा ५ मा काली नदी सीमा नदी भएको उल्लेख छ । साथै सन् १८१९ मा सर्भे अफ इन्डियाले जारी गरेको नक्सा, सन् १८२७ मा जारी भएको कुमाउ र गढवालसहितको नक्सा, सन् १८३० मा जारी पश्चिमी प्रदेशको नक्सा र सन् १८९४ मा जारी कुमाउ राज्यको अद्यावधिक नक्सामा पनि लिम्पियाधुरा नै काली नदीको मुहान भएको देखाइएको छ । नेपालसँग भएका ऐतिहासिक अभिलेख, दस्तावेज, नक्सा, प्रमाण र तथ्यका आधारमा कुटिल प्रभावकारी कूटनीतिक वार्ता, संवाद र समन्वय गर्ने हो भने वास्तविकता स्वीकार गर्न भारत बाध्य हुने देखिन्छ ।

उता सन् १९०३ मा प्रकाशित चीनको प्राचीन नक्सामा पनि लिम्पियाधुराबाट उद्गम भएको नदीलाई नै सिमाना मानी त्यसपूर्वको भूभागमा नेपाल लेखिएको छ । राणा, राजाका पालादेखि नै भारत-चीनबीच भएका असमान सन्धि र सम्झौताको विरोध हुँदै आएको हो । बहुदल, गणतन्त्र आएपछि पनि भारत र चीनसँगको सीमा विवाद समाधान भएको छैन । यसलाई उच्चस्तरको राजनीतिक तवरबाटै समस्या समाधान गरिनु त्रिदेशीय हित हुनेछ ।

चुच्चे नक्सामा सीमित

२०७७ जेठ ५ गते बसेको मन्त्रिपरिषद्को बैठकले लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटेर नेपालले नयाँ राजनीतिक र प्रशासनिक चुच्चे नक्सा सार्वजनिक गर्ने निर्णय गरेको थियो । त्यसको २ दिनपछि ७ जेठमा नक्सा सार्वजनिक गरिएको थियो । जुन समयमा प्रधानमन्त्री केपी शर्मा ओली थिए । संयोगबस आज लिपुलेक विवादमा पर्दाको समयमा पनि उनै ओली प्रधानमन्त्री छन् । त्यतिबेला नेपालले ऐतिहासिक तथ्यहरू प्रस्तुत गर्दै नक्सामा लिम्पियाधुरा क्षेत्र समेटेको थियो ।

प्रधानमन्त्री ओलीले चुच्चे नक्सा छापेको जस लिन कुनै कसर बाँकी राखेनन् । तर, चुच्चे नक्सा पाठ्यक्रमा छाप्नेदेखि अन्य देशलाई नेपालको आधिकारिक नक्सासमेत पठाएनन् । भूमि फिर्ता ल्याउने त धेरै परको कुरा बन्यो । आफ्नो मुलुकको नक्सा विश्वलाई जानकार ीसमेत नदिएका ओलीले चुच्चे नक्सालाई नक्सामै सीमित राख्ने काम गरेका थिए ।

उता भारतले सन् २०१९ नोभेम्बरमा भारतले जम्मू कश्मिरलाई विभाजन गरी २ केन्द्र शासित प्रदेश बनाउँदै नयाँ राजनीतिक नक्सा जारी गरेको थियो । जसमा लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई भारतको उत्तराखण्डको भूभाग भनिएको थियो । उक्त कदमप्रति असन्तुष्टि जनाउँदै नेपालले भारतलाई पत्र पठायो । भारत कूटनीतिक तवरबाट समस्या समाधान गर्न तयार भएन । बरू लिपुलेक हुँदै कैलाश मानसरोवर पुग्ने सडक सञ्जाल निर्माणको काम जारी राख्यो । ८ मे २०२० मा त भारतीय रक्षामन्त्री राजनाथ सिंहले उक्त सडक सञ्जालको उद्घाटन गरेका थिए ।

साथै भारतले यसपटक लिपुलेक पासबाट भारत र चीनबीच सन् १९५४ बाटै सीमा व्यापार हुँदै आएको भनेर दाबीसमेत गरेको छ । भारतले सन् १९५४ बाटै लिपुलेकसहितका नाकाबाट सीमा व्यापार सुरू भएको भने पनि ऐतिहासिक तथ्यहरूले सन् १९६२ मा चीनसँग युद्ध चर्किएपछि मात्रै त्यहाँ भारतले आफ्नो उपस्थिति बढाएको पाइन्छ । चीनसँगको युद्धका बेला सुरक्षा कारण देखाउँदै भारतले लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रमा सैनिक पोस्ट स्थापना गर्न नेपालसँग अनुमति मागेको थियो । तर, त्यसपछि भारतीय सुरक्षाकर्मी त्यहाँबाट नहटेको देखिन्छ । नेपालका तत्कालीन राजा रजौटाहरूले आफ्नो शासन जोगाउनका निम्ति पनि उक्त भूमिबाट भारतीय सेना हटाउने कुनै प्रयास गरेनन् ।

विरोध र आन्दोलन औपचारिकतामा सीमित

नेपालमा सीमा अतिक्रमणलाई लिएर राज्य र जनता जुन भावावेशमा दौडिन्छन्, यो उल्लेख गर्न लायक छैन । राज्यमा रहेका मान्छेहरूको कूटनीतिक पहलमा कमजोर उपस्थिति र सडकमा आन्दोलन गर्ने आन्दोलनकारीहरू सबैले राष्ट्रवादको नाममा औपचारिकता निभाएको देखिन्छ । यस खालको औपचारिकताको घिनलाग्दो, लाचार र कायर लडाइँले मुलुकको रक्षा हुँदैन । जब सिमाना मिचिन्छ, त्यो बेलामा खासगरी संघीय राजधानी काठमाडौँमा केही दिन चर्को स्वरमा नारा जुलुस निकालिन्छन् । समय बित्दै जान्छ, राष्ट्रवादका नाराहरू विस्तारै सेलाउँदै जान्छन् । हामीले यस्ता दृश्यहरू देख्न र पीडा भोग्न थालेको दशकौँ भइसक्यो ।

नेपालले यसबीचमा भारत-चीनबाट भएका हेपाह प्रवृत्तिका सम्झौताको विरोध मात्र गरेन, पटक-पटक कूटनीतिक नोटसमेत पठाएको छ । नेपालले पछिल्ला १० वर्षमा ८ वटा कूटनीतिक नोट भारतलाई पठाएको देखिन्छ । तर, नेपालले आजसम्म कुनै पनि परिणाम हात पार्न सकेको छैन । भारतले कुनै आधिकारिक जबाफ दिएको छैन । आजको यस सच्चाइलाई हेर्दा छिमेकी देशको अतिक्रमणका विरूद्ध नेपालमा हुने विरोध, आलोचना र आक्रोश केबल औपचारिकतामा सीमित देखिन्छन् । परिणाम निकाल्ने गरी कुनै कदम चालिएको देखिँदैनन् ।

राष्ट्रप्रति गैरजिम्मेवार राजनीतिक दल

राष्ट्र, राष्ट्रियता, जनजीविका, सुशासन, पारदर्शीता, जबाफदेहिताजस्ता विषयमा हाम्रा दलहरू निक्कै कमजोर छन् । उनीहरू केबल आफू र आफ्नालाई देख्छन् । अरू जम्मैलाई छेक्ने काम गर्छन् । आफ्नो जस्तोसुकै भए पनि लायक हुन्छ, अलि परको मान्छे जस्तोसुकै क्षमतावान् भए पनि नालायक काम नलाग्ने हुन्छ । लिपुलेकबारे कांग्रेस, रास्वपा, राप्रपाजस्ता दक्षिणपन्थी, यथास्थितिवादी पार्टीहरूको के कुरा गर्नु ।

हाम्रो देशमा सबैभन्दा बढी राष्ट्रवादी कम्युनिस्टहरू देखिन्छन् । उनीहरू मुलुकमाथि कसैले गिद्धे नजर लगायो भने बलिदान दिन तयार छौँ र हुनुपर्छ भन्दै भाषण दिन्छन् । तर, आजको दिनमा लिपुलेकमाथि भारत र चीनले एकपक्षीय रूपमा ब्यापारिक सम्झौता गरेपछि चुपचाप छन् । यो गम्भीर कुरा हो । विगतमा भारत र चीनसँग भए गरेका असमान सन्धि र सम्झौताहरू खारेज गर्नुपर्छ भन्ने मान्यताका साथ आजका कम्युनिस्टहरूले राजनीति गर्नुपर्ने हो । तर, यस्तो कुनै गुन्जायस देखिँदैन ।

यता एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओलीको विगतलाई हेर्दा उनको कूटनीतिक पारा अर्कै देखिन्छ । उनी बढी लोकप्रियवाद र प्रतिक्रियात्मक देखिन्थे । तर, यसपालि भने उनी मौन छन् । चीन र भारतको भ्रमणलाई राजनीतिक जीवनको अन्तिम कालखण्डमा पुगेका ओलीले सत्तामा रहेको बेला तथ्य, प्रमाण र सुसंगत तर्क, वार्ता, कूटनीतिक पहल र संवादमार्फत सीमा विवादलाई सुल्झाउनसके उनी धन्य हुनेछन् ।

तथ्य, प्रमाणहरूले लिम्पियाधुरा क्षेत्र नेपालको हो भन्ने कुरा स्पष्ट छ । तर, हामीले सत्य कुरा हो भन्दै बस्यौँ भने लिम्पियाधुरा क्षेत्र नेपालले भोगचलन गर्ने अवस्था आउँदैन । यसअघि हामीले उक्त भूमि हाम्रो हो भन्यौँ तर, फिर्ता ल्याउने कुनै प्रयास गरेनौँ । तसर्थ, सत्य आफैँ जित्दैन ।

सत्यलाई जिताउनका निम्ति हाम्रो प्रभावकारी

वाकी पेज नं ८ मा

# चौतारामा कृषि कार्यक्रम सार्वजनिक र समीक्षा गोष्ठी

जनतापत्र, चौतारा

बागमती प्रदेशको काभ्रेपलान्चोकस्थित बागबानी विकास केन्द्र पाँचखाल र कृषि विकास कार्यालय धुलिखेलको संयुक्त आयोजनामा आ.ब. ०८२/८३ को वार्षिक कार्यक्रम सार्वजनिक तथा आ.ब. ०८१/८२ को प्रगति समीक्षा गोष्ठी शुक्रबार जिल्ला समन्वय समिति सिन्धुपाल्चोकको हल, चौतारामा सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख बालकृष्ण श्रेष्ठले ब्यानरमा हस्ताक्षर गरी उद्घाटन गर्नुभयो । कार्यक्रममा कृषि विकास कार्यालय काभ्रेपलान्चोकका प्रमुख कुल प्रसाद दवाडीले कृषि विकासका आ.ब. ०८२/८३ को वार्षिक कार्यक्रम सार्वजनिक तथा आ.ब. ०८१/८२ को प्रगति कार्यक्रमा प्रस्तुत गर्नुभएको थियो भने बागबानी विकास केन्द्र पाँचखालका प्रतिनिधि विष्णु बोगटीले आ.ब. ०८२/८३ को वार्षिक कार्यक्रम सार्वजनिक तथा आ.ब. ०८१/८२ को प्रगतिको प्रस्तुति दिनुभएको थियो ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका प्रमुख बन्धु प्रसाद बस्तोला, मेलम्ची नगरपालिकाकी उपप्रमुख उमा प्रधान, त्रिपुरासुन्दरी गाउँपालिकाका अध्यक्ष भक्तधोज बोहरा लगायत विभिन्न पालिकाका प्रमुख तथा उपप्रमुख, कृषि अधिकृत, कृषि तथा कफी सहकारी, पत्रकार, संघ-संस्था र सरोकारवालाहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

खुला छलफलमा उठेका प्रश्नहरूको समाधान कृषि विकास कार्यालयका प्रमुखले दिनुभएको थियो । जिल्ला समन्वय समितिका प्रमुख बालकृष्ण श्रेष्ठले सिन्धुपाल्चोकलाई कृषि क्षेत्रमा विषेश जोड दिने गरी कार्यक्रम गर्नुपर्छ भन्दै कार्यक्रम समापन गर्नुभएको थियो ।



गर्मी तथा वर्षायामसंगै फैलने
झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरूबाट बच्न
बासी सडेगलेका झिंगा भन्केका खानेकुरा नखाऔं ।
काँचै खान मिल्ने फलफूल तथा तरकारी शुद्धिकरण गरेको
पानी प्रयोग गरी राम्ररी सफा गरेर मात्र खाऔं ।

बाह्रविसे नगरपालिका
नगर कार्यपालिका कार्यालय,सि.पा

# गेट फोरेर रिसोर्टभित्र छिरेर कर्मचारीमाथि कुटपिट

जनतापत्र, चौतारा

राजधानी काठमाडौं नजिकैको प्रमुख पर्यटकीय गन्तव्य सुकुटेमा हालै भएको आक्रमणले पर्यटन व्यवसायीहरूमा गहिरो चिन्ता पैदा गरेको छ।

भदौ ६ गते राति सुकुटे बीच रिसोर्टमा भएको आक्रमणमा संलग्न व्यक्तिहरूले रिसोर्टको गेट फोरेर प्रवेश गरी त्यहाँ कार्यरत कर्मचारी सुरेन्द्र केसीलाई गम्भीर रूपले कुटपिट गरेका थिए।

घाइते केसीलाई तत्काल उपचारका लागि सिन्धु सदाबहार अस्पताल, खाडिचौर हुँदै काठमाडौं पुर्‍याइएको थियो।

सिन्धु सुकुटे पर्यटन व्यवसायी संघका अनुसार आक्रमणमा वलेफी गाउँपालिका-५ का लिला गिरी, कमल श्रेष्ठ, गणेश श्रेष्ठ, देव केसी, रञ्जित श्रेष्ठ, सुशील तामाङ र श्रृजन कार्की संलग्न रहेको आरोप लगाइएको छ। संघले घटनाको विरोध गर्दै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा दोषीहरूलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न ध्यानाकर्षण गराएको छ।

पर्यटन व्यवसायीहरूका अनुसार यस्ता घटनाले सुकुटे क्षेत्रको पर्यटन छविमा गम्भीर नकारात्मक असर पार्न सक्छ। संघका सचिव कृष्ण सापकोटाले आक्रमणले आन्तरिक र बाह्य पर्यटक दुवैको मनोबल घटाउने र समग्र पर्यटन व्यवसाय संकटमा पार्ने चेतावनी दिएका छन्। सुकुटे रिसोर्टका सञ्चालक तथा संघ अध्यक्ष महेन्द्रसिंह थापाले आक्रमणपछि प्रहरीमा किटानी जाहेरी दर्ता गरिसकेको जानकारी दिएका छन्।

उनले हाल सुकुटे क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि गरिएका प्रयासहरू गुण्डागर्दी, असुरक्षा र प्रशासनिक उदासीनताका कारण कमजोर हुँदै गएको भन्दै गुनासो व्यक्त गरेका छन्।

सुकुटे क्षेत्र पर्यटनको दृष्टिले अत्यन्त सम्भावनायुक्त गन्तव्य हो।

यहाँका रिसोर्ट, होटल र साहसिक क्रियाकलापले स्थानीय तथा केन्द्रीय सरकारलाई लाखौं रुपैयाँ राजस्व दिँदै आएका छन्।

तर, सुरक्षा प्रत्याभूतिको अभावले गर्दा व्यवसाय सञ्चालनमा चुनौती थपिएको व्यवसायीहरूको भनाइ छ। उनीहरूले स्थायी शान्ति, सुरक्षाको प्रत्याभूति र दोषीमाथि कडा कारबाहीको माग गर्दै प्रशासनसँग तत्काल कदम चाल्न आग्रह गरेका छन्।

# हिराहरी तेक्वान्दो डोजाङ्मा जूनियर ग्रेडिङ सम्पन्न, खेलाडीको उत्साहजनक सहभागिता

जनतापत्र, चौतारा

नेपाल तेक्वान्दो संघअन्तर्गत सञ्चालन हुने नियमित कार्यक्रम अनुसार सिन्धुपाल्चोकको चौतारामा रहेको हिराहरी तेक्वान्दो डोजाङ्मा जूनियर ग्रेडिङ (बेल्ट प्रमोशन टेस्ट) भव्य रूपमा सम्पन्न भएको छ।

प्रशिक्षणरत खेलाडीहरूको सीप परीक्षण एवं स्तरवृद्धिका लागि आयोजना गरिएको यस कार्यक्रममा खेलाडी, प्रशिक्षक र अभिभावकको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रममा सिनियर खेलाडीहरू मेनुका श्रेष्ठ, सचिन तामाङ, प्रवेश नेपाल, निभा श्रेष्ठ, युग काले, रेगिना गुरुङ र कृन्जल दंगाल लगायतका व्यक्तिहरूको सक्रिय सहभागिता देखिएको थियो। उनीहरूलाई प्रमाणपत्र प्रदान गर्दै आगामी दिनमा अझ अनुशासित र समर्पित भएर तेक्वान्दो अभ्यास गर्न प्रेरित गरिएको थियो। ग्रेडिङको क्रममा सेतो पेटी तर्फ प्रान्जल श्रेष्ठ, ज्वाला तामाङ, आरोशी तामाङ, करिस्मा घले र एलिना दंगाल ले उत्कृष्ट प्रदर्शन गर्दै उतीर्ण भएका छन्।

यस्तै, पहँलो पेटी तर्फ रेमन श्रेष्ठ ले उल्लेखनीय रूपमा डबल प्रमोशन सहित सफलता प्राप्त गरेका छन्। अन्य सहभागीहरू पनि सम्बन्धित श्रेणीमा सफल भएका छन्। ग्रेडिङ कार्यक्रमको सञ्चालन कालो पेटी छैठौं डान प्राप्त गरिसकेका सिन्धुपाल्चोकका वरिष्ठ प्रशिक्षक तथा डोजाङ्ग प्रमुख रमेश गुरुङ ले गरेका थिए।

## प्राथमिक उपचार

उद्देश्यः
जीवन बचाउनु,
दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।
कस्तो अवस्थामा के गर्नेः
सफा कपडाले रगत बग्नबाट रोक्ने,
पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.
प्राथमिक उपचारका लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

चौतारा साँगाचोकगढी नपा.वडा नं. १४ को कार्यालय,सि.पा

# साना बालबालिकादेखि विद्यालय परिवारसम्म तीजको रौनक

जनतापत्र, मेलम्ची

डडुवा भवानीशंकर माध्यमिक विद्यालय, सिन्धुपाल्चोकमा तीज पर्वको अवसरमा भव्य सांस्कृतिक कार्यक्रमसहित दरखाने समारोह आयोजना गरिएको छ।

कार्यक्रममा वडा अध्यक्ष उद्धव नेपालको प्रमुख आतिथ्य, विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय समुदायको उत्साहपूर्ण सहभागिता रह्यो।

सांस्कृतिक प्रस्तुतिहरूमा विद्यालयका साना साना बालबालिकादेखि वरिष्ठ कक्षाका विद्यार्थीहरु समेत सक्रिय रहे। उनीहरूले परम्परागत तीजका गीतमा नाचगान प्रस्तुत गर्दै चाडको महत्व उजागर गरे।

कार्यक्रममा सहभागीहरूले दरखाने, तीज व्रत, र हरितालिका पर्वको धार्मिक, पौराणिक र सामाजिक पक्षबारे जानकारीमूलक चर्चा पनि सुने। कार्यक्रममा विद्यालय परिवारले तीजको ऐतिहासिक पृष्ठभूमि पनि प्रस्तुत गरे।

हिन्दू धर्मग्रन्थअनुसार राजा हिमालयकी छोरी पार्वतीले आफ्ना इच्छित पति शिवजीलाई पाउन कठोर तपस्या गरेकी थिइन्।

भाद्र शुक्ल तृतीयाका दिन शिवजी प्रसन्न भई पार्वतीसँग विवाह गर्न स्वीकार गरेका थिए, र यही दिनदेखि तीज पर्व मनाउने परम्परा सुरु भएको मानिन्छ। तीज पर्वसँग जोडिएको हरितालिका तीज भन्ने नाम पनि स्पष्ट पारिएको थियो।

"हरिता" भनेको "हरण गर्नु" र "आलिका" भनेको "सखी" भन्ने अर्थमा लिएर सखीसँगै गएर पार्वतीले तपस्या गरेकी थिइन् भन्ने जनविश्वासका आधारमा यो नाम दिइएको हो।

त्यसैगरी, तीजको तेस्रो दिन मनाइने ऋषिपञ्चमीको महत्व पनि वर्णन गरियो। यो दिन महिलाहरूले माटोले स्नान गर्ने, ३६५ वटा दतिवनले दाँत माझ्ने जस्ता परम्परा निर्वाह गर्छन्, जसले शरीर शुद्धि र धार्मिक आत्मशुद्धि दुबैको सन्देश दिन्छ।

कार्यक्रममा तीज पर्वलाई नारी सशक्तीकरण र स्वतन्त्रताको प्रतीकको रूपमा समेत चर्चा गरियो। महिलाहरूले तीजका दिन रातो साडी, चुरा, पोते, टीका लगाए र आफूलाई सजाउने चलनको धार्मिक र सांस्कृतिक अर्थ स्पष्ट पार्दै वक्ताहरूले भने –

# सिन्धुपाल्चोकमा नयाँ ग्रामीण सडक निर्माणको थालनी

जनतापत्र, मेलम्ची

सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिका-७ सानोसिरुवारीदेखि वडा नं. १० जल्केनीसम्मको सडक निर्माण कार्यको औपचारिक शिलान्यास गरिएको छ करिब २ करोड ३० लाख रुपैयाँको लागतमा निर्माण हुन लागेको यस सडकको उद्घाटन कार्यक्रम मंगलबार सम्पन्न भएको हो।

सडकको शिलान्यास बागमती प्रदेशसभा सदस्य तथा पूर्व भौतिक पूर्वाधार मन्त्री युवराज दुलालले गरेका थिए।उक्त सडक बागमती प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास कार्यालयको बजेटमा निर्माण हुन लागेको हो।

निर्माण सम्झौताअनुसार, सडक २०८३ सालको असार १५ गतेभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ सांसद युवराज दुलालः "सडकले गाउँको जीवनशैली परिवर्तन गर्छ"

"प्रदेश सरकारले प्रदेश सडक गुरुयोजनाअन्तर्गत ग्रामीण सडक सञ्जाल विस्तारलाई उच्च प्राथमिकता दिएको छ यस सडकको निर्माणले यातायात, आवतजावत, स्वास्थ्य सेवा पहुँच, तथा कृषि उत्पादनको बजारसम्म सहज पहुँचमा ठूलो टेवा पुऱ्याउनेछ।"

उनले आफ्नो कार्यकालमा करिब २५० वटा ग्रामीण सडकलाई प्रदेश सडकको रूपमा घोषणा गरी विस्तार गर्ने कार्य भएको उल्लेख गरे।

दुलालले स्थानीय पूर्वाधारको सशक्त विकास नै समृद्धिको मूल आधार रहेको स्पष्ट पारे।

वडा नं. ७ का अध्यक्ष डम्बर बहादुर तामाङले आफ्नो धारणा राख्दै भनेः

"सडक निर्माणपछि यसको सम्भार, सरसफाइ र संरक्षण हाम्रो जिम्मेवारी हो। हामी यसलाई स्थानीय स्वामित्वको परियोजना मानेर हेरिरहेका छौँ।"

उनले सांसद युवराज दुलाललाई सिन्धुपाल्चोकको माटोमा फुलेको एक सुन्दर बिरुवाको रूपमा चित्रण गर्दै धन्यवाद प्रकट गरे।

तामाङका अनुसार, सडकले सानोसिरुवारी र वरपरका बस्तीको सामाजिक र आर्थिक जीवनस्तरमा आमूल परिवर्तन ल्याउनेछ।

सडक निर्माणको जिम्मा भदौरे गणेश जेभी नामक ठेकेदार कम्पनीले पाएको छ।

निर्माण कार्यमा कालोपत्रे (ब्ल्याकटप), प्लम ढलान, ढलानको पर्खाल, र सडक संरचना सुदृढीकरण जस्ता कार्य समावेश गरिएको छ।

निर्माण सम्पन्न भएपछि यो सडकले सुनियोजित शहरीकरण, व्यावसायिक विकास र शिक्षासम्बन्धी पहुँच समेत सहज बनाउने ठेकेदार कम्पनीले जानकारी दिएको छ।

सिन्धुपाल्चोकमा थालिएको यो नयाँ सडक परियोजना केवल पूर्वाधार निर्माण नभई सामाजिक र आर्थिक रूपान्तरणतर्फको यात्रा पनि हो। सानोसिरुवारीदेखि जल्केनीसम्मको सडकले गाउँका बासिन्दाको दैनिक जीवनमा उल्लेखनीय सुधार ल्याउने अपेक्षा गरिएको छ।

प्रदेश सरकार र स्थानीय तहबीचको सहकार्य र प्रतिबद्धताले यस्तो विकास आयोजनालाई दिगो बनाउने आशा गरिएको छ।

# मध्य भोटेकोशीको ट्रान्समिसन ....

अनुसार बाह्रबिसे सवस्टेशनको निर्माण कार्य सम्पन्न नभएकाले हाल न्यू खिम्ती सवस्टेशनमार्फत करिब ४० किलोमिटर लम्बाइको ट्रान्समिसन लाइन प्रयोग गरी परीक्षण गरिएको हो।

"हामीले आयोजनाको बाँध, सुरुङ, र पावर हाउसका सबै संरचनाको परीक्षण सकिसकेका छौं," सिवाकोटीले भने, "अब ट्रान्समिसन लाइन सफलतापूर्वक परीक्षण भएपछि उत्पादन प्रक्रिया एक हप्ताभित्र सुरु हुनेछ।"

उनका अनुसार न्यू खिम्तीको ४०० केभी लाइनमा आयोजनाबाट २२० केभीको विद्युत् प्रवाह गरिनेछ। उत्पादन भएको विद्युत् ढल्केबर सवस्टेशनमार्फत राष्ट्रिय ग्रिडमा जोडिनेछ। १४ वर्षको लामो अवधिमा आयोजनाले थुप्रै चुनौतीहरूको सामना गरेको छ। स्थानीय अवरोध, आन्तरिक प्रशासनिक समस्या, कोभिड महामारी, बाढीपहिरो, २०७२ को भूकम्प र भारतीय सीमामा अवरोधले आयोजनाको निर्माण कार्य पटक-पटक रोकिएको थियो।

पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङले आयोजनाको ठेकेदार छनोटलगायत प्रारम्भिक कामहरू अघि बढाएका थिए। तर, तत्कालीन उर्जामन्त्री राधा ज्ञवालीको कार्यकालमा घिसिङलाई जबरजस्ती सरुवा गरिएपछि केही समय आयोजनाको गति रोकिएको थियो।

भोटेकोशी गाउँपालिका-४, चाकुमा बाँध र बाह्रबिसे नगरपालिका-९, जम्बुमा पावर हाउस रहेको आयोजना रन अफ द रिभर प्रणालीमा आधारित छ। आयोजनाको सुरुङ ७.५ किलोमिटर लामो छ।

सुरुवातमा लागत १२ अर्ब ३३ करोड २८ लाख रुपैयाँ अनुमान गरिएको भए पनि हालसम्म लगानी २० अर्ब नाघिसकेको छ। निर्माण ढिलो हुँदा दैनिक ५० लाख रुपैयाँभन्दा बढी ब्याज मात्रै तिर्नुपरेको कम्पनी स्रोतले जनाएको छ। लगानी बढेसँगै आयोजनाबाट उत्पादित विद्युत्को प्रति मेगावाट लागत २१ करोड रुपैयाँ नाघ्ने अनुमान गरिएको छ। आयोजनाबाट वार्षिक ५४ करोड २२ लाख युनिट विद्युत् उत्पादन हुने अपेक्षा गरिएको छ, जसबाट २ अर्ब ८० करोड रुपैयाँ आम्दानी हुने लक्ष्य राखिएको छ।

# तातोपानी नाका अझै बन्द,....

न्यालम क्षेत्रमा करिब १४-१५ सय कन्टेनर गोदाममा रोकिएका छन् भने केरुङ नाकामा थप ६-७ सय कन्टेनर थन्किएका छन्।

इको पहिरोको आसपास लिपिङ र कोदारी बजारमा समेत दर्जनौं कन्टेनर रोकिएको जनाइएको छ।तातोपानी भन्सार कार्यालयका अनुसार गत साउन १७ देखि नै अधिकांश फलफूल बोकेका कन्टेनर यार्डसम्म भित्रन सकेका छैनन्। स्याउ, नास्पाती, अंगुर, लसुन, किबी जस्ता छिटो बिग्रिने वस्तुहरू भरियामार्फत ओसारिनु परेको छ। व्यापारी शारदाप्रसाद पराजुलीका अनुसार "यस अवधिमा लाखौंको फलफूल सडेको छ, जसले ठूलो आर्थिक घाटा पुऱ्याएको छ।"


## प्राथमिक उपचार

उद्देश्यः

जीवन बचाउनु,

दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,

अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु । कस्तो अवस्थामा के गर्ने:

सफा कपडाले रगत बग्नबाट रोक्ने,

पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.

प्राथमिक उपचारका लागि आवश्यक पर्ने: ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

पाँचपोखरी थाङ्पाल गाँउपालिका कार्यालय, सिन्धुपाल्चोक

# अपाङ्गता भएका बालबालिकाका लागि सहजीकरणको पहल



जनतापत्र, जुगल

सिन्धुपाल्चोकको जुगल गाउँपालिकाले शारीरिक अपाङ्गता भएका बालबालिकालाई लक्षित गर्दै स्वास्थ्य सेवा, उपचार, पुनर्स्थापना, र सहायक सामग्री प्रदान गर्नेसम्बन्धी महत्वपूर्ण सहकार्य सम्झौता गरेको छ। यो सहकार्य जुगल गाउँपालिका र बनेपास्थित अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रबीच सम्पन्न भएको हो।

सम्झौताअनुसार, १८ वर्षमुनिका शारीरिक अपाङ्गता भएका बालबालिकाको पहिचानदेखि उपचार र पुनर्स्थापनासम्मका सेवा उपलब्ध गराइनेछ। यस अन्तर्गत निशुल्क स्वास्थ्य परीक्षण, आवश्यक परेमा शल्यक्रिया, कृत्रिम अङ्ग र सहायक सामग्री (जस्तै ह्वीलचियर, वाकर, क्यालिपर आदि) वितरण गरिनेछ। कार्यक्रम "अपाङ्गता व्यवस्थापन तथा मूलप्रवाहीकरण" शीर्षकमा सञ्चालन हुनेछ, जसलाई आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म कार्यान्वयन गरिने जनाइएको छ। यस सम्झौताले गाउँपालिकाभित्र अपाङ्गता भएका बालबालिकाहरूलाई स्थानीय स्तरमै गुणस्तरीय सेवा प्राप्त गर्ने वातावरण तयार गरेको छ। अपाङ्ग बालबालिकाहरूलाई समाजमा मुख्य प्रवाहमा ल्याउनका लागि यो कार्यक्रम स्वास्थ्य, सामाजिक पुनर्संलग्नता, शिक्षा र आत्मविश्वासको विकासमा समेत टेवा पुऱ्याउने विश्वास गरिएको छ। सम्झौता समारोहमा जुगल गाउँपालिकाका अध्यक्ष रेशम स्याङ्बो, प्रमुख प्रशासकीय अधिकृत लोकबहादुर विक, र अपाङ्गता सेवा क्षेत्रमा संलग्न सिबिआर सुपरभाइजर टिका विश्वकर्मा लगायतको उपस्थिति रहेको थियो। अध्यक्ष स्याङ्बोले कार्यक्रममा बोल्दै भने,

"गाउँपालिका भित्रका सबै खालका अपाङ्गता भएका बालबालिकाको समुचित उपचार र पुनर्स्थापनाका लागि यस किसिमको साझेदारी आवश्यक छ। हामी यसलाई दिगो रूपमा लैजान प्रतिबद्ध छौं।"

कार्यक्रमले बालबालिकाको मात्र नभई उनीहरूको अभिभावक र परिवारका सदस्यहरूलाई पनि परामर्श तथा सहयोग गर्ने व्यवस्था मिलाउनेछ। यसले समुदायमा अपाङ्गता प्रतिको सकारात्मक सोचको विकास, र सामाजिक समावेशीताको प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ। अपाङ्ग बालबालिकाको जीवनमा सार्थक परिवर्तन ल्याउने उद्देश्यले गरिएको यो सहकार्य समावेशी विकास र मानवअधिकारको पक्षमा गरिएको एक महत्वपूर्ण कदम हो।

सरकारी तह र विशेषज्ञ संस्थाबीचको सहकार्यबाट ग्रामीण भेगका बालबालिकाले पनि समान अवसर र सेवा पाउने वातावरण बिस्तार हुँदै जानु सकारात्मक संकेत हो। यस किसिमका कार्यक्रमले न केवल स्वास्थ्य सुधारमा टेवा पुऱ्याउँछ, तर मानसिक सशक्तिकरण र सामाजिक स्वीकार्यता विस्तारमा पनि निर्णायक भूमिका खेल्छ।

# एमाले छाडेर माओवादीमा



जनतापत्र, चौतारा

तीन दशकभन्दा लामो समयसम्म नेकपा (एमाले) मा सक्रिय भूमिका निर्वाह गरेका सिन्धुपाल्चोकका जुझारु नेताहरूले पार्टी परिवर्तन गर्दै नेकपा (माओवादी केन्द्र) रोजेका छन्। जनताको अधिकार र समाजवादप्रति गहिरो आस्था राख्दै आफूहरू फेरि मूल विचारमा फर्किएको उनीहरूको भनाइ छ।

काठमाडौंको पेरिसडाँडामा अवस्थित माओवादी केन्द्रको केन्द्रीय कार्यालयमा बिहीबार आयोजित औपचारिक कार्यक्रममा एमालेका प्रदेश कमिटी सदस्य ईश्वरीप्रसाद श्रेष्ठ, पूर्व वडाध्यक्ष तथा प्रदेश सदस्य विष्णु लामा, जिल्ला कमिटी सदस्य सिताराम गिरी, मेघबहादुर न्यौपाने, रमेश श्रेष्ठ लगायतका नेताहरूले पार्टी परित्याग गर्दै माओवादी केन्द्रमा औपचारिक रूपमा प्रवेश गरेका हुन्।

कार्यक्रमको प्रमुख आतिथ्य माओवादी केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापकोटाले गरेका थिए। यद्यपि, यसअघि पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यमा कार्यक्रम गरिने तयारी थियो, तर उनको विराटनगर भ्रमणका कारण सापकोटा प्रमुख अतिथि बने। नेताहरूलाई खादा र अबिर लगाएर परम्परागत शैलीमा पार्टी प्रवेश स्वागत कार्यक्रम गरिएको थियो।

कार्यक्रममा बोल्दै उपाध्यक्ष अग्निप्रसाद सापकोटाले नेताहरूको पुनः आगमनलाई "ऐतिहासिक र प्रेरणादायी निर्णय" भन्दै स्वागत गरे। उनले भनेः "राजनीतिक जीवनको ठूलो हिस्सा जनसेवा र संघर्षमा बिताएका यस्ता नेताहरूको आगमनले माओवादी केन्द्रलाई वैचारिक, सांगठनिक र जनसङ्गठनात्मक दृष्टिकोणले बलियो बनाउनेछ।

समाजवादको यात्रालाई अब अझ स्पष्ट दिशामा अघि बढाउने अवसर भएको छ।" नवप्रवेशी नेता ईश्वरीप्रसाद श्रेष्ठले एमालेमा विचार सुनिने ठाउँ नभएको गुनासो गर्दै भनेः "हामीले लामो समय एमालेमा योगदान गऱ्यौं। तर पछिल्लो चरणमा हाम्रो आवाज सुन्ने, बहस गर्ने, निर्णयमा समावेश गराउने वातावरण हराउँदै गयो। माओवादी केन्द्र अहिले पनि जनताको पक्षमा स्पष्ट छ, त्यसैले हामी पुनः यही बाटोमा फर्किएका हौं।" श्रेष्ठले आफूहरू माओवादी केन्द्रलाई थप सशक्त र जनआधारित बनाउने लक्ष्यमा समर्पित हुने बताएका छन्। "हाम्रो राजनीतिक यात्रा माओवादी आन्दोलनबाटै सुरु भएको हो। बिचमा दूरी बन्यो, तर अब फेरि जनतामै फर्किन पाउँदा आत्मसन्तुष्टि महसुस भइरहेको छ।

म माओवादी केन्द्रलाई जनताको विश्वास जित्ने पार्टी बनाउन निरन्तर सक्रिय रहनेछु।" माओवादी केन्द्रले एक औपचारिक वक्तव्य जारी गर्दै नेताहरूको आगमनले संगठनको सांगठनिक बल, स्थानीय सञ्जाल र जनतासँगको सम्पर्कलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरेको छ। वक्तव्यमा भनिएको छः "राजनीतिक रुपमा अनुभवी र जनस्तरसँग प्रत्यक्ष सम्पर्कमा रहेका नेताहरूको पार्टी प्रवेश हाम्रो आन्दोलनका लागि सकारात्मक ऊर्जा हो।

यो राजनीतिक पुनः एकताको सन्देश पनि हो।" सिन्धुपाल्चोक जिल्लामा लामो समयदेखि स्थानीय तहदेखि प्रदेशस्तरसम्म राजनीतिक पकड राख्ने नेताहरूले एमाले परित्याग गरेर माओवादी रोज्नु आगामी दिनमा स्थानीय राजनीति र पार्टी सन्तुलनमा असर पार्नसक्ने देखिन्छ। यी नेताहरूको पुनः माओवादीमा प्रवेशलाई स्थानीय स्तरमा राजनीतिक पुनर्संयोजनको संकेतका रूपमा हेरिएको छ।

विशेषतः निर्वाचनको सन्दर्भमा यस्तो कदमले जनमतको प्रवाह र पार्टीगत प्रतिस्पर्धामा प्रत्यक्ष प्रभाव पार्ने विश्लेषण सुरु भएको छ।


## प्राथमिक उपचार

**उद्देश्यः**

**जीवन बचाउनु,**

**दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,**

**अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।**

**कस्तो अवस्थामा के गर्ने:**

**सफा कपडाले रगत बग्नबाट रोक्ने,**

**पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.**

**प्राथमिक उपचारका लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोब्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।**

**त्रिपुराशुन्दरी गाउँपालिकाको कार्यालय, सिन्धुपाल्चोक**

# चौतारा अस्पतालमा विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा विस्तार, स्थानीयवासी लाभान्वित

जनतापत्र, चौतारा

चौतारा अस्पतालले पछिल्लो समय सेवा विस्तार गर्दै आधुनिक, प्रभावकारी र विशेषज्ञ उपचार सेवा प्रदान गर्न थालेको छ। एक समय सामान्य उपचारसम्म सीमित रहेको यो अस्पताल अहिले सुविधा सम्पन्न भवन, पर्याप्त स्वास्थ्यकर्मी तथा विशेषज्ञ सेवा विस्तारको साथ सशक्त बन्दै गएको छ।

अस्पतालमा अहिले दैनिक २२० देखि २३० जना बिरामी उपचारका लागि आउने गरेका छन्। विशेषगरी असार महिनादेखि सुरु गरिएको हाडजोर्नी सेवा अन्तर्गत छोटो अवधिमा १० वटा शल्यक्रिया सफलतापूर्वक सम्पन्न भइसकेका छन्। यसले जिल्लाका बासिन्दालाई काठमाडौं वा धुलिखेलसम्म जानुपर्ने बाध्यता घटाएको छ। हाल चौतारा अस्पतालमा १६ जना चिकित्सक, २५ जना नर्ससहित कुल ११६ जना स्वास्थ्यकर्मी कार्यरत छन्। दन्त उपचार सेवासमेत थपिएको छ भने बाह्य विशेषज्ञ चिकित्सकलाई मासिक रूपमा दुईपटक बोलाएर सेवा दिने गरिएको छ। अस्पताल प्रशासनले अत्याधुनिक उपकरण थप गर्ने तयारीसमेत गरिरहेको जनाएको छ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रूद्र भण्डारीका अनुसार, अस्पतालले अब जिल्लासमेत बाहिरका क्षेत्रहरूलाई लक्षित गरेर सेवा विस्तार गर्दै, चौतारालाई क्षेत्रीयस्तरको नमुना अस्पताल बनाउने लक्ष्य लिएको छ। आकस्मिक सेवा, शल्यक्रिया तथा विशेषज्ञ उपचार सेवा थप प्रभावकारी बनाउन प्राथमिकता दिइएको छ। स्थानीयवासीहरू अस्पतालको सेवा विस्तारबाट सन्तुष्ट देखिएका छन्। उनीहरूका अनुसार सामान्य रोगको उपचारका लागि काठमाडौं जानुपर्ने समय, खर्च र झन्झट अब घटेको छ। सेवा थप विस्तार हुँदै गएमा स्वास्थ्यको लागि जिल्लामै भरपर्दो सुविधा उपलब्ध हुने विश्वास उनीहरूले व्यक्त गरेका छन्। चौतारा अस्पतालले भविष्यमा थप विशेषज्ञ, उपकरण तथा सेवा विस्तार गर्दै स्वास्थ्य पहुँचलाई गुणस्तरीय, सर्वसुलभ र आधुनिक बनाउन निरन्तर अघि बढ्ने प्रतिबद्धता जनाएको छ।











## प्राथमिक उपचार

उद्देश्यः
जीवन बचाउनु,
दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।
कस्तो अवस्थामा के गर्नेः
सफा कपडाले रगत बग्नबाट रोक्ने,
पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.
प्राथमिक उपचारका लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोब्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

चौतारा साँगाचोकगढी नपा.वडा नं. ३ को कार्यालय,सि.पा



गर्मी तथा वर्षायामसंगै फैलने
झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरूबाट बच्न
बासी सडेगलेका झिंगा भन्केका खानेकुरा नखाऔं ।
काँचै खान मिल्ने फलफूल तथा तरकारी शुद्धिकरण गरेको
पानी प्रयोग गरी राम्ररी सफा गरेर मात्र खाऔं ।

**लिसंखुपाखर गाँउपालिका**
गाँउकार्यपालिकाको कार्यालय,सि.पा




गर्मी तथा वर्षायामसंगै फैलने
झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरूबाट बच्न
खाना खानु/खुवाउनु अघि र चर्पी प्रयोग गरेपछि
साबुन पानीले मिचिमिचि हात धुने
जस्ता व्यक्तिगत सरसफाई अपनाऔं ।

**बलेफी गाँउपालिका**
गाँउकार्यपालिकाको कार्यालय,सि.पा

## व्यक्तिगत घटना दर्ता



जन्म, मृत्यु, विवाह, सम्बंध बिच्छेद, र बसाई सराई जस्ता व्यक्तिगत घटना ३५ दिन भित्रमा दर्ता गराई असल नागरिकको कर्तव्य निभाऔं ।

**सुनकोशी गाउँपालिका**
पांग्रेटार, सिन्धुपाल्चोक



गर्मी तथा वर्षायामसंगै फैलने
झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरूबाट बच्न
पानी उमालेर वा क्लोरिन प्रयोग गरी
शुद्धिकरण गरेर मात्र प्रयोग गरौं ।



**चौतारा साँगाचोकगढी नगरपालिका**
वडा नं. १४ को वडा कार्यालय,सि.पा

## प्राथमिक उपचार

उद्देश्यः
जीवन बचाउनु,
दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।
कस्तो अवस्थामा के गर्नेः
सफा कपडाले रगत बग्नबाट रोक्ने,
पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.
प्राथमिक उपचारका लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोब्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

**चौतारा साँगाचोकगढी नपा.**वडा नं. ५ को कार्यालय,सि.पा

जनतापत्र २०८२ भदौ १६ , सोमबार www.Janatapatra.com






गर्मी तथा वर्षायामसंगै फैलने
झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुबाट बच्न
खाना खानु/खुवाउनु अघि र चर्पी प्रयोग गरेपछि
साबुन पानीले मिचिमिचि हात धुने
जस्ता व्यक्तिगत सरसफाई अपनाऔं ।

चौतारा साँगाचोकगढी नगरपालिका
वडा नं. ८ को वडा कार्यालय,सि.पा

# लिपुलेक अतिक्रमण : .....

कूटनीति र राजनीतिक नेतृत्व चाहिन्छ । देशभक्त जनता चाहिन्छ । मुलुकका निम्ति बलिदान हुने जनता चाहिन्छ । मुखले भनेर मात्रै कोही राष्ट्रवादी हुँदैन ।

चीन मार्क्सवादी मुलुक हो । लिपुलेक प्रकरणलाई मार्क्सवादको दृष्टिकोणबाट हल गर्न चीन राजी हुनुपर्छ ।

मार्क्सवाद भनेको बस्तुवादी र सुसंगत ढंगले अन्तरविरोधहरूको पहिचान गर्ने र ती अन्तरविरोधहरूको क्रान्तिकारी र न्यायसंगत ढंगले हल गर्ने विधि हो । महाशक्ति राष्ट्र बन्ने तीव्र तयारीमा रहेको एक कम्युनिस्ट मुलुक चीनले अर्को गणतान्त्रिक मुलुक नेपाल र विस्तारवादी भारतीबीचको विवादित भूमिमा आफ्नो ब्यापारिक स्वार्थमा राजनीतिक, सैद्धान्तिक, वैचारिक पक्षलाई बिर्सिन मिल्छ ? कदापि पनि मिल्दैन ।

भारत र नेपालबीच चलिरहेको द्वन्द्वलाई सुल्झाउन साथ दिनुको साटो जटिल अवस्था सिर्जना गर्नु चीनका निम्ति हितकरको विषय हुँदैन । ि लपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रहरू ऐतिहासिक तथ्य र प्रमाणले नेपाली भूमि हुन् भन्ने कुरामा चीन सहमत हुनुपर्छ ।

भारतीय ब्यापार बजारलाई हेरेर नेपालसँगको छिमेकी सम्बन्धमाथि चिसोपना निम्त्याउने काम चीनले गर्नु हुँदैन । चीनले भारतसँग गरेको सम्झौताबारे पुनर्विचार गर्नुपर्छ । जबसम्म कि नेपाल र भारतबीच उक्त भूमिका बारेमा वारपार सम्झौता हुँदैन । यो नै नेपाल र चीनबीचको ऐतिहासिक सम्बन्धलाई जोगाउने उत्तम र व्यावहारिक उपाय हुनेछ ।

एससिओ बैठक १५-१६ भदौमा चीनको तियानजिन सहरमा हुँदै छ। प्रधानमन्त्री ओलीले १७ भदौमा चीनका उपराष्ट्रपति हान चङ्सँग हालै अमेरिकी ट्रम्पको नीतिको पछिल्लो सिकार बनेको भारतमाथि बुधबारदेखि नै लागू हुनेगरी थप ५० प्रतिशतसम्म ट्यारिफ (आयात कर) लागेको छ। यद्यपि नेपालमाथि केबल १० प्रतिशत (विद्यमान दरमा थपिने) ट्यारिफ लागेको छ।

छिमेकमा बंगलादेशलाई २० प्रतिशत, श्रीलंकालाई २० प्रतिशत, पाकिस्तानलाई १९ प्रतिशत र अफगानिस्तानलाई १५ प्रतिशत ट्यारिफ लागेका छन् । ट्रम्पको यस कदमले भारतीय आर्थिक अवस्था निक्कै कमजोर हुने प्रक्षेपण गरिएका छन् । यी तमाम संकटलाई दृष्टिगत गर्दै भारत चीनसँग सत्रुता नभएर मित्रवत ढंगले प्रतिष्पर्धा गर्न तयार भएको सहज अनुमान गर्न सकिन्छ ।

हरेक देश सार्वभौम अधिकार सम्पन्न हुन्छन् । यस्ता मुलुभूत कुराहरू छिमेकी देश चीन र भारतले भुल्नु हुँदैन । मित्रवत रूपमा सीमा विवादलाई समाधान गर्न तयार रहनुपर्छ । (सौर्यअनलाइनबाट)

प्राथमिक उपचार
उद्देश्यः
जीवन बचाउनु,
दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।
कस्तो अवस्थामा के गर्नेः
सफा कपडाले रगत बग्नबाट रोक्ने,
पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.
प्राथमिक उपचारका लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।
नेपाल सरकार
विज्ञापन वोर्ड

प्राथमिक उपचार
उद्देश्यः
जीवन बचाउनु,
दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।
कस्तो अवस्थामा के गर्नेः
सफा कपडाले रगत बग्नबाट रोक्ने,
पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.
प्राथमिक उपचारका लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत
औषधिहरु घरमा राखौं ।
चौतारा साँगाचोकगढी नगरपालिका
वडा नं. ९ को वडा कार्यालय,सि.पा

प्राथमिक उपचार
उद्देश्यः
जीवन बचाउनु,
दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।
कस्तो अवस्थामा के गर्नेः
सफा कपडाले रगत बग्नबाट रोक्ने,
पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.
प्राथमिक उपचारका लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।
चौतारा साँगाचोकगढी नपा.वडा नं. ११ को कार्यालय,सि.पा